## बैठक संख्या – ८

आज मिति २०८२/०८/२५ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय पारित गरियो।

उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २ | श्री शान्ती नाथ | उपाध्यक्ष | |
| ३ | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४ | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५ | श्री दुर्गा प्रसाद चौधरी | सदस्य | |
| ६ | श्री विर बहादुर खड्का | सदस्य | |
| ७ | श्री ईन्द्र बहादुर खड्का | सदस्य | |
| ८ | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९ | श्री हर्कमती पाध्या | सदस्य | |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११ | श्री बसन्ती सुनार | सदस्य | |
| १२ | श्री चेतराम माली | सदस्य | |
| १३ | श्री मिना सुनार | सदस्य | |
| १४ | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

## बैठक संख्या -८/ २०८२/०८३/मिति २०८२/०८/२५ गते

प्रस्ताव नं १ गुणस्तरीय शिक्षाका लागि विज्ञान, प्रविधि एवं क्षमता विकास कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. १: प्रस्ताव नं.१ माथि छलफल हुँदा संघीय सरकार विशेष अनुदान मार्फत गुणस्तरीय शिक्षाका लागि विज्ञान,प्रविधि एवं क्षमता विकास कार्यक्रम अन्तर्गत रु.१ करोड ३४ लाख विनियोजन भएकोमा प्राथमिकताका आधारमा देहायका कार्यक्रमहरु पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा संचालन गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

देहाय-

| क्र.स. | कार्यक्रमको विवरण | संख्या | ईकाइ लागत | अनुमानित लागत |
|---|---|---|---|---|
| १ | ई-लाइब्रेरी | ७ | ७,५०,००० | ५२,५०,००० |
| २ | प्र.अ., विद्यालय कर्मचारी तथा विषय शिक्षकका लागि नवीनतम सूचना प्रविधि तथा कम्प्यूटर र EMIS सम्बन्धि तालिम | २ | १,५०,००० | ३,००,००० |
| ३ | माधमिक तहमा विज्ञान प्रयोगशाला सञ्चालन तथा व्यवस्थापन | १ | २१,००,००० | २१,००,००० |
| ४ | विद्यार्थीमैत्री फर्निचर व्यवस्थापन/निर्माण तथा व्यवस्थापन | | | १२,००,००० |
| ५ | अभिभावक शिक्षा कर्यक्रम | ५ | ३,००,००० | १५,००,००० |
| ६ | विज्ञान मेला तथा सृजनात्मक प्रदर्शनी कार्यक्रम | १ | २,५०,००० | २,५०,००० |
| ७ | शैक्षिक गुणस्तर सुधारका लागि विषयगत शिक्षक,विज्ञ लगायत जनप्रतिनिधि समेतको सहभागितामा शिक्षण कार्यकलाप अनुगमन,निरीक्षण र सुदृढीकरण कार्यक्रम | २ | १,००,००० | २,०,०००० |
| ८ | तहगत शिक्षकरुलाई शिक्षण सिकाई कार्यकलाप सुदृढीकरणका लागि पुनर्ताजगी तालिम | १ | १२,००,००० | १२,००,००० |
| ९ | बाल विकास सामग्री खरीद | १४ | १,००,००० | १४,००,००० |
| | जम्मा | | | १,३४,००,००० |

प्रस्ताव नं २ संघीय सरकार सशर्त अनुदान मार्फत विद्यालयको भौतिक निर्माण अनुदान सम्बन्धमा ।

निर्णय नं. २: प्रस्ताव नं.२ माथि छलफल हुँदा संघीय सरकार सशर्त अनुदान मार्फत स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण कार्यका लागि रु.५५ लाख विनियोजन भएको हुँदा उक्त बजेट बाट गणेश मा.वि. भुर्षा, बेलडाँडी-५ को विद्यालय भवन निर्माणकार्य गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं ३ तथ्याङ्क संकलनका लागि तथ्याङ्ककर्ताको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

निर्णय नं. ३: प्रस्ताव नं.३ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिकामा विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क संकलनका लागि पालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्राथमिक तहमा कार्यरत शिक्षकहरु परिचालन गरि तथ्याङ्क संकलन गर्ने र प्रति घरमा गई बालबालिकाको तथ्याङ्क संकलन गरेबापत रु.२५/- पारिश्रमिक तोक्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं ४ लघु उद्यम कार्यक्रमका लागि वडा र कार्यक्रम छनौट गर्ने सम्वन्धमा ।

निर्णय नं. ४: प्रस्ताव नं.४ माथि छलफल हुँदा चालु आर्थिक वर्षमा संघीय सरकार सशर्त अनुदान मार्फत नयाँ उद्यमी सृजना, स्तरोन्नती र प्रविधि हस्तानान्तरण कार्यक्रम रहेकोले उक्त कार्यक्रम वडा कार्यालयले छनौट गरि सिफारिस गरेको नामावलीका आधारमा ५ वटै वडा समेट्ने गरि कार्यक्रम संचालन गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं ५ RCC सडक मर्मत गर्ने सम्बन्धमा ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल हुँदा वडा नं. ३ लक्ष्मी गिरीको मिल नजिक गतवर्ष २०८१ असार २४ अविरल वर्षाका कारण चौधर नदीको बाँध फुटेर आएको बाढीले RCC सडक मुनीको माटो र ग्रेभल Scouring गरि बगाएको र तत्काल मर्मत नगर्दा गर्दा थप दुर्घटना हुन सक्ने देखिएकोले प्राविधिक लागत अनुमानका आधारमा मर्मत कार्य प्रक्रिया यथाशिघ्र अगाडी बढाउने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं ६ छाडाचौपाया व्यवस्थापन जनशक्तिको म्याद थप गर्ने सम्बन्धमा ।

निर्णय नं. ६: प्रस्ताव नं.६ माथि छलफल हुँदा वडा नं. ५ अन्तर्गत गौशालामा कार्यरत ४ जना श्रमिकको २०८२ असार मसान्त सम्म माशिक ज्यालादारीको सम्झौता भएको तर विविध कारणले गर्दा चालु आर्थिक वर्षमा सम्झौता हुन नसकेको हुँदा श्रमिकको प्रति व्यक्तिको माशिक ज्याला रु.१५,०००/- का दरले (साविक कै अनुसार) वन समिति संग सम्झौता गरेर मिति २०८२ भदौ १३ गते देखी लागु हुने गरि पारिश्रमिक भुक्तानी गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं ७ सवारी भाडा भुक्तानी गर्ने सम्बन्धमा ।

निर्णय नं. ७: प्रस्ताव नं.७ माथि छलफल हुँदा U-14 को आयोजनामा भएको जिल्ला स्तरीय फुटबल प्रतियोगितामा पटक पटक खेलाडी ल्याउने र लैजाने प्रयोजनका लागि सवारी भाडामा लिएको हुनाले सम्झौता अनुसारको सवारी भाडा रकम रु. ३२,०००/- भुक्तानी दिने र आगामी प्रदेश स्तरीय प्रतियोगिता समेतका लागि खेलाडी छनोट भएको हुँदा सवारीभाडा र विविध खर्च वापत रु.३५,०००/- पनि भुक्तानी गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं ८ विद्युत प्राधिकरण लाई भुक्तानी गर्ने सम्बन्धमा ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका अन्तर्गत वडा नं. २ चवन्नी बजार देखी वडा नं. ४ कान्छीबजार जोड्ने सडक निर्माण कार्यमा सडक क्षेत्रमा पर्ने विद्युतीय तार र पोल निकाल्ने र नयाँ स्थानमा जडानगर्ने कार्यमा नेपाल विद्युत प्राधिकरणको लागत अनुमानका आधारमा हाललाई पेश्की दिने तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा पेश्की फर्छ्यौट गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं ९ ईलाका प्रहरी कार्यालयलाई आर्थिक सहायता गर्ने सम्बन्धमा।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल हुँदा ईलाका प्रहरी कार्यालय बेलडाँडीको शौचालय मर्मतका लागि आर्थिक सहायता माग भई आएकोमा विल भर्पाई अनुसारको रकम रु. १९,९४०/- आर्थिक सहायता भुक्तानी गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं १० बैंक ग्यारेन्टी फुकुवा गर्ने सम्बन्धमा ।

निर्णय नं. १०: प्रस्ताव नं.१० माथि छलफल हुँदा वडा नं. ३ शिवनगर पुल देखी खैरीघाट चौराह हुँदै बलराम टोलसम्म सडक RCC गर्ने कार्य (BRM/2080/81/works/NCB-01) राजधानी कन्स्ट्रक्सन, पूर्चौंडी बैतडीले सम्पन्न गरेकोमा मिति २०८१ असार २४ गते चौधर नदीको बाँध फुटेर आएको बाढीले सडक मुनीको माटो तथा ग्रेभल Scoring गरि बगाएकोले मर्मतका लागि सम्बन्धित निर्माण व्यवसायी लाई पालिकाले पत्रचार पनि गरेको तर निर्माण व्यवसायीले Insurance मा दाबी गर्दा Insurance ले DLP अवधिमा प्राकृतिक प्रकोप र Act of god का कारणहरुले भएको क्षति नव्यहोर्ने प्रावधान रहेको

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

र बाढीका कारण बाहेक अन्य मर्मत कार्य मात्र गर्न सकिने भनि लिखित जवाफ सहित पेश भएको तथा DLP अवधिमा गर्नुपर्ने मर्मत सम्बन्धि कार्य समेत गरेको हुँदा राजधानी कन्स्ट्रक्सनको बैंक जमानत फुकुवा गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं ११ आर्थिक सहायता गर्ने सम्बन्धमा।

निर्णय नं. ११: प्रस्ताव नं.११ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिका अन्तर्गतका तपशिलका आर्थिक अवस्था कमजोर भएका क्यान्सर, मृगौला र मुटु तथा अन्य बिरामीहरुलाई औषधि उपचारका लागि आर्थिक सहायता गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

तपशिल-

१. गिता भण्डारी (बेलडाँडी -१) – रु.२५,०००/-

२. निर्मला गिरी (बेलडाँडी -३) – रु.२०,०००/-

३. सुनिता बलायर (बेलडाँडी -१) – रु.२०,०००/-

४. चित्रा नाथ (बेलडाँडी -१) – रु.१५,०००/-

प्रस्ताव नं १२ मेशिनरी औजार उपलब्ध गराउने सम्बन्धमा।

निर्णय नं. १२: प्रस्ताव नं.१२ माथि छलफल हुँदा बेलडाँडी गाँउपालिका वडा नं. १ अन्तर्गत सरस्वति मा.वि., झरनासागर का लागि मेशिनरी औजार आवश्यक परेको हुँदा आगामी हिउँदे गाउँसभा बाट आवश्यक बजेटको व्यवस्था गरि सामग्री उपलब्ध गराउने सर्वसम्मतले निर्णय पारित गरियो ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner